
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com

Kirloskar
Oil Engines
डिजल पम्प

रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३५ ❖ २०७९ जेठ ३० गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 June 13 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८५

### वीरगंजका प्रमुखसँग उद्योगी–व्यवसायीको संवाद

# करको दायरा बढाएर सम्पत्ति कर खारेज गर्नुपर्छ

प्रस, वीरगंज, २९ जेठ/

वीरगंज महानगरका नवनिर्वाचित प्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलमसँग वीरगंजका उद्योगी–व्यवसायीले छलफल गरेका छन् । वीरगंज महानगरको सभाहलमा आइतवार सम्पन्न छलफलमा उद्योगी–व्यवसायीहरूले महानगरपालिकाको आम्दानीका लागि अन्य स्रोत पनि खोज्नुपर्ने सुझाव दिएका थिए । नगरप्रमुख तथा उपप्रमुखले वीरगंजका उद्योगी–व्यवसायी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, बुद्धिजीवीलगायतसँग छलफलको क्रममा कर सङ्कलनको कार्यान्वयन पक्ष प्रभावकारी बनाउन सुझाव दिएका थिए ।


वीरगंज महानगरका नवनिर्वाचित प्रमुख राजेशमान सिंह र उपप्रमुख इम्तियाज आलम (दायाँ) । तस्वीरः प्रतीक

वीरगंजका उद्योगी सुरेश रूँगटाले सम्पत्ति कर खारेज गर्नुपर्ने माग राख्दै जिल्लाभित्रको उत्पादनलाई जिल्लाभित्रै ओसारपसार गर्दा पनि पटकेकर लगायतका विभिन्न शीर्षकमा लाग्ने कर हटाउनुपर्ने माग गरे ।

वीरगंजका अर्का उद्योगी अशोक बैदले अधिकांश करका शीर्षक नै अस्पष्ट रहेको चर्चा गर्दै ती विषयलाई पुनर्विचार गरेर लिनुपर्ने सुझाव दिए । “भित्तामा पर्चा, पम्पलेट, पोस्टर टाँस्नेहरूले शहरलाई कुरूप बनाए, उनीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ,” उनले भने, “शहरलाई सुन्दर बनाउन वीरगंजलाई एलो सिटी बनाउने र पहेंलो घर बनाउनेलाई करमा छुट दिने नीति ल्याउनुपर्छ ।”

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतमले उद्योगको विकासका लागि पनि सम्पत्ति कर खारेज गर्नुपर्ने धारणा राखे । “उद्योगीहरूलाई त सम्पत्ति कर लाग्नु नै हुँदैन, उद्योग सम्पत्ति होइन, पूँजी हो,” उनले भने ।

वीउवासङ्घका महासचिव माधव राजपाल कर उठाउने जिम्मा वडालाई दिनुपर्ने बताए । जुन वडाले बढी कर दिन्छ, सो वडालाई अरूको अनुपातमा अलिक बढी विकास खर्च दिनुपर्ने राजपालको सुझाव छ । भारतीय सवारी आउँदा गुडिरहेको गाडीसँग पनि पार्किङ शुल्कको नाममा कर उठाइरहेको हुँदा त्यो हटाउनुपर्ने र अनुगमन गर्नुपर्ने राजपालको माग छ । उद्योगको ढोकामैं कुरेर पनि केही व्यक्तिहरूले कर उठाउने गरेकामा आपत्ति जनाउँदै उनले उद्योगीलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्नेमा जोड दिए ।

बैंकर रोहिणी आचार्यले आफ्नै कार्यालय भवनमा लगाइएको होर्डिङ बोर्डको पनि कर लिएकोमा आपत्ति जनाए । अन्य सार्वजनिक स्थानमा लगाउँदा वा अरू कुनै ठाउँमा लगाउँदा कर लिनु स्वाभाविक भएपनि आफ्नै भवनमा होर्डिङ बोर्ड राख्दा कर लिनु मुनासिब नभएको आचार्यको भनाइ थियो । उनले सरसफाइ कर घटाउनुपर्ने माग गरे । निजी विद्यालयहरूले पाँच सय रुपैयाँ तिर्दा बैंकबाट दुई हजार लिनु न्यायोचित नभएको उनको बुझाइ थियो ।

अर्थशास्त्री इन्दुशेखर मिश्रले प्रदेश र सङ्घ सरकार मातहतका कर सङ्कलन हुने कार्यालयहरूले उठाएका करमा केही प्रतिशत कर महानगरले राख्नुपर्ने बताए । वीरगंज महानगरभित्र रहेका कर सङ्कलन हुने कार्यालयहरूबाट केही प्रतिशत कर महानगरले पनि राख्न पाउनुपर्ने गरी पहल गर्नुपर्ने अर्थशास्त्री मिश्रको भनाइ भनाइ थियो । प्राध्यापक डा दीपक शाक्यले नगरवासीले दिने करसरह

(बाँकी पाँचौं पातामा)

## चैते धान लगाएका किसानहरू पानी परेर खुशी

बलिराम शुक्ला, बिरुवागुठी, २९ जेठ/

पर्साको ग्रामीण भेगमा चैते धान रोपेका किसानहरू वर्षा हुँदा हर्षित भएका छन् । धानको बाला पसाउने समयमा अहिले बाला पसाउने बखत कुलो र बोरिङबाट सिंचाइ गर्नुपर्थ्यो तर नियमितरूपमा वर्षा भएकोले धानबालीलाई निकै फाइदा भएको


पानी परेपछि खेतमा लहलहाउँदै चैते धानको बाली । तस्वीरः प्रतीक

वर्षा भइरहेकोले यहाँका किसानहरू खुशी भएका हुन् ।

अहिले किसानले लगाएको चैते धान बालीमा बाला पसाउने समय भएको र यो समयमा सिंचाइ आवश्यक हुँदा वर्षा भइरहेकोले चैते धान खेती गरेका किसानहरू खुशी भएका हुन । दुई/तीन दिनदेखि नियमितरूपमा वर्षा भइरहेका कारण चैते धान बालीलाई निकै राम्रो भएको पर्सागढी नगरपालिका–३ का किसान नन्दलाल चौधरीले बताए । उनले चैते धान बाली गरेका किसानहरूले बताए । उनले सशुल्क सिंचाइ गर्नुपर्ने बेलामा वर्षाले सिंचाइ निश्शुल्क गरेको भन्दै खुशी व्यक्त गरे ।

पर्सागढी नगरपालिकामा चैते धानबाली सयौं बिघामा गरिएको छ । पर्सा जिल्लाको उत्तरी क्षेत्र थरुहटमा चैते धान बाली व्यापकरूपमा हुने गरेको छ ।

वन क्षेत्र र खोला, नालाको सिंचाइ सुविधा यो क्षेत्रमा बढी भएकोले पर्सागढीलगायत पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुर र ठोरी गापामा चैते धानबाली हुने गरेको छ ।

## विमानस्थल बनाउनुपर्ने माग गर्दै १७ दिनदेखि दैनिक राजमार्गमा अवरोध

प्रस, वीरगंज, २९ जेठ/

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने माग राख्दै स्थानीयहरूले १७ दिनदेखि निरन्तर पूर्व–पश्चिम राजमार्गमा चक्काजाम गर्दै अएका छन् ।

गत जेठ १२ गते आएको सर्वोच्च अदालतको फैसलापछि जेठ १३ गतेपछि हालसम्म दैनिक अपराह्न ३ देखि साँझ ५ बजेसम्म पूर्व–पश्चिम राजमार्गको निजगढ बजारमा चक्काजाम हुँदै आएको छ ।

निजगढ सार्वजनिक सरोकार समिति र स्वतन्त्र युवा विद्यार्थी सरोकार समितिले संयुक्तरूपमा सधैं दुई घण्टा चक्काजाम गर्दै आएको स्वतन्त्र युवा विद्यार्थी सरोकार समितिका संयोजक जयराम कुँवरले जानकारी गराए ।

जबसम्म सरकार वा न्यायालयबाट निजगढ विमानस्थल बनाउनुपर्ने अर्को निर्णय आउँदैन, तबसम्म आफूहरूको सङ्घर्ष जारी रहने उनले जानकारी गराए ।

निजगढ सार्वजनिक सरोकार समितिका अध्यक्ष यज्ञबहादुर श्रेष्ठका अनुसार निजगढमा विमानस्थल बनाउन आफूहरूले सडकदेखि काठमाडौंसम्म दबाबमूलक कार्यक्रम जारी राखेको बताए ।

उनले गत जेठ २७ र २८ गते काठमाडौं डेलिगेशन गएर प्रधानमन्त्री शेरबहादुर देउवा, अर्थमन्त्री जनार्दन शर्मा, पर्यटनमन्त्री प्रेमबहादुर आले, प्रमुख राजनीतिक दलका अध्यक्षहरू केपीशर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाललगायतलाई भेटेर विमानस्थल जसरी पनि बनाउनुपर्ने

(बाँकी अन्तिम पातामा)


विमानस्थलको माग गर्दै प्रदर्शन गर्दै स्थानीय । तस्वीरः जीतलाल श्रेष्ठ

## साढे चार दशकदेखि हनुमान मन्दिरको निर्माण कार्य अधुरो

प्रस, सिम्रौनगढ, २९ जेठ/

बाराको सिम्रौनगढ–६ टोल सिम्रौनगढ गोरु बजारनजीक रहेको सङ्कटमोचन हनुमान मन्दिर विगत ४६ वर्षदेखि निर्माणाधीन रहेको तर हालसम्म सम्पन्न हुन सकेको छैन ।

विसं २०३३ मा रामजी शर्मा नामक व्यक्तिले यहाँ एउटा पीपलको कलम (सानो झार) लगाएर त्यहाँ पूजा शुरू गरेका थिए । पछि रामाकान्त दास भन्ने साधु र स्थानीय सरजुग महतो नुनिया र उनका साथीहरू मिली सो स्थानमा हनुमानको ध्वजा गाडेर सामूहिकरूपले पूजा गर्न स्थानीय गाउँलेहरूको ध्यानाकर्षित गराएका थिए ।

सो बेलामा सिम्रौनगढ इलाकाभरि सो युवक समूहको निकै चर्चा थियो । उक्त युवक समूहकै सदस्यहरू विमलकिशोर मल्लिक, स्व हरिहर महतो नुनिया, नागेन्द्र महतो नुनिया, सैनुल अन्सारी, स्व जियाला साह कानू, रामेश्वरप्रसाद मेहता, रामऔतार ठाकुर लगायतले सो स्थानमा स्थानीय गाउँलेहरूको सहयोगमा सङ्कटमोचन हनुमान मन्दिरको सामूहिकरूपमा शिलान्यास गरी मन्दिरको जग पनि तैयार गराएका थिए ।


४६ वर्ष अवधिमा पनि निर्माण सम्पन्न नभएको हनुमान मन्दिर । तस्वीरः प्रतीक

यस सम्बन्धमा सोही बेलादेखि कहिले जनस्तरबाट, कहिले गाउँ पञ्चायतबाट, कहिले गाविसबाट त कहिले नगरपालिकाबाट तैयार हुँदै लगभग आधा शताब्दी बितिसकेको छ तर अझसम्म सो मन्दिर निर्माण सम्पन्न नभई अधुरै छ ।

कछुवाको चालमा निर्माण भइरहेको यो मन्दिरको निर्माण कार्य अब कहिले पूरा हुन्छ भन्न गाह्रो छ । यस मन्दिरमा आधारशिला राखिएका दुर्गा मन्दिर, त्रिलोकीनाथ महादेव मन्दिर, पार्वती मन्दिर, विश्वकर्मा मन्दिर र विष्णु मन्दिर बनेर सञ्चालनमा आइसकेका छन् । तर यो सङ्कटमोचन हनुमान मन्दिर किन अधुरो रहेको छ ? सञ्चालनमा आएका आधारशिला मन्दिरहरू निजी तवरमा तथा गुठीले बनाएका हुन् । तर यो सङ्कटमोचन हनुमान मन्दिर अभिभावकविहीन रहेकोले निर्माण सम्पन्न हुन सकेको छैन । यो मन्दिरको निर्माणमा हालसम्म छतको ढलानसम्म भएर काम रोकिएको छ ।

यो मन्दिरनिरको पीपलको रूख पनि काटिएको छ तथा केही जग्गा अतिक्रमण पनि भएको स्थानीयवासीले बताएका छन् ।

## बाराका बज्जिका साहित्यकार हेटौंडामा पुरस्कृत

प्रस, गरुडा, २९ जेठ/

बज्जिका भाषामा साहित्य सिर्जना गर्दै आएका बाल साहित्यकार अभिजित रामलाई राष्ट्रियस्तरको साहित्यिक संस्थाले प्रदेश बालप्रतिभा पुरस्कारबाट सम्मानित गरेको छ ।


तस्वीरः प्रतीक

हेटौंडामा केन्द्रीय कार्यालय रहेको नवसर्जक साहित्य चौतारी नेपालको प्रथम राष्ट्रिय बालसाहित्य उत्सवको अवसरमा मधेस प्रदेशबाट अभिजित रामलाई सात हजार ७७७ रुपैया नगद, प्रमाणपत्रसहित सम्मानित गरिएको हो ।

हेटौंडामा नै आयोजित कार्यक्रम नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ डा देवी नेपालले सात प्रदेशका एक/एक सर्जकसहित मधेस प्रदेशका रामलाई सम्मानित गरेका हुन् ।

पुरस्कृत सबै बालप्रतिभालाई हेटौंडा स्कूल अफ म्यानेजमेन्टले थप पाँच/पाँच हजार रुपैयाँले सम्मानित गरेको थियो । कार्यक्रममा राष्ट्रिय पुरस्कारबाट वरिष्ठ साहित्यकार प्रमोद प्रधानलाई सम्मानित गरिएको थियो ।

बाराको सिम्रौनगढका राम मधेसी दलित हुन् । बज्जिका भाषामा सानैदेखि कलम चलाइरहेका राम यसअघि रौतहटको गढीमाई नगरपालिकाले आयोजना गरेको राष्ट्रियस्तरको कविता प्रतियोगितामा पनि पुरस्कृत भएका थिए । अभिनयमा पनि रुचि भएका बालसाहित्यकार रामले छिट्टै आफ्नो एउटा किताब प्रकाशन हुन लागेको बताएका छन् ।

रौतहटको गरुडामा रहेको श्री माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत बालप्रतिभा राम नवसर्जक साहित्य चौतारी नेपालको मधेस प्रदेशका कोषाध्यक्षसमेत हुन् ।

## विचारसार र सूक्तिहरू

तिमीले के भुक्तमान भोग्यो, यसले तिमी जीवनमा के बन्छौ भन्ने निश्चित गर्दैन, भुक्तमानको व्यवस्थापन कसरी गर्छौ, त्यसले निश्चित गर्छ ।


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## विकासमा पूर्वाग्रही हुनुभएन

**करीब चार दशक पहिले प्रदर्शित हिन्दी चलचित्र 'आँधी तुफान'मा एउटा दृश्य थियो । त्यो के भने सैलुनमा कपाल, दाह्री कटाउन बसेका ग्राहकहरूको हजामत गर्ने क्रममा हजामले कसैको कपाल आधा काटेर कुराउने अनि कसैको दाह्री । उसको सैलुनमा ग्राहकको भीड थियो र हजामत गर्ने हजाम भने एक्लो । सबै ग्राहकलाई हतार थियो तर हजाम पनि कम्तीको चलाख थिएन । उसले ग्राहक नभागून् भनेर त्यो जुक्ती अख्तियार गरेको थियो । आधा कपाल, आधा दाह्री काटेपछि ग्राहक भाग्ने कुरा भएन । ठीक यही पारा मधेस प्रदेश सरकारले अवलम्बन गरेको पाइन्छ । पर्सा जिल्लामा मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट नपठाएर अहिले सयौं योजना अलपत्र छन् । चालू आर्थिक वर्ष सकिन अब मुश्किलले एक महीना बाँकी छ । तर यसै आर्थिक वर्षमा सम्पन्न हुनुपर्ने योजनाहरू रकम अभावमा रोकिएका छन् । पर्सा मात्र होइन बारा र रौतहटमा पनि यही पारा छ । कारण मन्त्रालयमा मन्त्रीको परिवर्तन । मन्त्री परिवर्तनले भौतिक पूर्वाधार विकासका कार्यहरू नरोकिनुपर्ने हो । किनभने विकासका कार्य जोसुकैले गरेको भएपनि त्यो प्रदेशको उन्नतिका लागि हो ।**

**पर्सा, बारा र रौतहटमा यी योजनाहरू तत्कालीन राजपा हाल लोसपाका नेता जीतेन्द्र सोनल भौतिक पूर्वाधार विकास मन्त्री भएको बेलामा सञ्चालनमा आएका थिए । उनी परिवर्तन भएसँगै उनले सञ्चालन गरेका योजनाहरू रोकिनु तुकको कुरै होइन । किनभने जोसुकै मन्त्री भएपनि उसको कर्तव्य हुन जान्छ कि सञ्चालित योजनाहरूलाई पूरा गर्ने । यसको श्रेय कार्य सम्पन्न भएपछि बहालवाला मन्त्रीले पाउने हो । अर्को कुरा यी रोकिएका योजनाहरूमा मधेस प्रदेश सरकारको लगानी हो, न कि कुनै व्यक्तिविशेषको । जहाँसम्म कमिशनको कुरा छ, त्यो जुन मन्त्रीको पालामा पनि निर्धारण गरिएको हुन्छ र सोअनुरूप पाउँछन् पनि । अब यस्ता कुराहरूमा पहिलेको मन्त्रीले आफ्नो क्षेत्रमा विकास गर्‍यो भनेर सोच राख्नु सङ्कुचित मानसिकताको उपज मात्र हो । पुरानो कामलाई फत्ते गरेर नयाँ योजनाहरू आफ्नो क्षेत्रमा लग्दा भइहाल्छ । तर त्यस्तो कार्य नगरी पुराना योजनाहरूलाई आधा अधुरो राख्नु मधेस प्रदेश सरकारको पनि अदूरदर्शिता हो । आखिरकार सञ्चालनमा रहेका योजनाहरू पूरा नगर्ने हो भने अर्को मन्त्री आउँदा उसले पनि यस्तै गैरजिम्मेवार कार्यलाई प्रश्रय दिन्छ र योजनाहरू अधुरा मात्र हुन जान्छन् । योजना अधुरा हुनु भनेको मधेस प्रदेश सरकारको पनि बदनामी हो ।**

**हिन्दी सिनेमा आँधी तुफानमा हजामले आफ्नो व्यवसाय सञ्चालनका लागि गरेको कार्य पनि राम्रो होइन । तर त्यो सिनेमा हो, रिल र रियल लाइफमा फरक हुन्छ । त्यो दृश्य निर्देशकले सिनेमामा रोचकता प्रदान गर्नको लागि राखेको हो । रियल लाइफमा त्यो कुरा सुहाउँदो होइन । तसर्थ मन्त्री फेरिएकै कारण करोडौं, अर्बौं रुपैयाँका विकास योजना प्रभावित हुने गरी मन्त्रीले गरेका कामकारबाईलाई कुनै पनि अर्थमा राम्रो भन्न सकिन्न । यस वर्ष पूरा गर्नुपर्ने योजनाहरू मधेस प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले अविलम्ब बजेट पठाएर अलपत्र योजनालाई सफल पार्नुपर्छ । अब प्रदेश सरकारको आयु भनेको मुश्किलले छ महीना मात्र होला । यो अवधिमा लोकप्रिय कार्यहरू गर्नुपर्ने हुन्छ । होइन भने आउँदो चुनावमा यस प्रकारको हर्कत गर्ने मन्त्रीलाई जनताले सीधा पार्नेछ ।**

# नेपालमा बालश्रम – कारण, परिणाम र समाधान

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**बालश्रम उन्मूलन मात्र सरकारको दायित्व नभई हामी सबैको कर्तव्य हो । हामी सबैले आआफ्नो ठाउँबाट थोरै मात्र पनि प्रयास गर्‍यौं भने अवश्य नै सफलता हासिल गर्न सक्छौं र बालबालिकाको भविष्य सुरक्षित बनाउन सक्छौं ।**

सामान्य अर्थमा बालश्रम भन्नाले केटाकेटीद्वारा गराइने काम बुझिन्छ । यो अपराध हो अर्को अर्थमा केटाकेटीलाई पैसाको लालच वा अन्य कुनै प्रलोभन दिएर गराइने कुनै पनि प्रकारको कामलाई बालश्रम भनिन्छ । बालश्रम नेपाल सँगसँगै अन्य धेरै देशमा गैरकानूनी मानिन्छ । यो यस्तो अपराध हो, जसमा केटाकेटी विद्यालय जानबाट वञ्चित हुन्छन् । यो अभिशाप पनि हो, जसले नेपालभरि आफ्नो जालो फैलाएको छ । बालश्रमले गर्दा तिनीहरूमाथि मानसिक, शारीरिक, सामाजिक, मौखिक खतरा उत्पन्न हुन्छ । यस्तो व्यवहारले केटाकेटीको शोषण हुन्छ । प्रशासनको पटक–पटकको प्रयास र गैसस द्वारा पटक–पटक गरिने जनचेतनामूलक कार्यक्रमका बावजूद यो प्रचण्ड रूप ग्रहण गर्नमा सफल भइरहेको छ । यस प्रकारको मजदूरी थोरै पैसा वा उनीहरूको आवश्यकताको साटो गर्न लगाइन्छ ।

बढ्दो शहरीकरण, जनसङ्ख्या वृद्धि, रोजगारको कमी वा वैकल्पिक व्यवस्था नहुनु, योजना निर्माण तथा कार्यक्रम सञ्चालनमा समन्वय नहुनु र विकासको पर्याप्त पूर्वाधार निर्माण हुन नसक्दा पनि बालश्रम मौलाउँदै गएको कुरा एक तथ्याङ्कले देखाएको छ । कानूनले केटाकेटीलाई श्रममा प्रयोग गर्न नपाइने व्यवस्था गरे पनि नेपालका विभिन्न ठाउँमा रहेका ग्यारेज, होटल, चियापसल, रेस्टुरलगायत कलकारखाना र घरमा समेत केटाकेटीको प्रयोग श्रमिक तथा कामदारको रूपमा बढ्दै गएको छ र त्यसको रोकथाम प्रभावकारी हुन सकेको छैन । बालश्रम पूर्णरूपले अवैध हो । यस प्रकारको मजदूरी समाजको हरेक वर्गद्वारा आलोचित पनि हुने गरेको छ किनभने उनीहरूलाई परिवारबाट टाढा राखेर उनीहरूसँग बँधुवा मजदुरजस्तै व्यवहार गरिन्छ । वर्तमानमा केही कमी भए तापनि यो हाम्रोजस्तो गरीब मुलुकका लागि गम्भीर समस्या बन्दै गएको छ ।

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ मा उल्लेख भए अनुसार (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ । (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन–पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ । (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ । (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन । (५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन । (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन । (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ । (९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । यस सँगसँगै नेपालको संविधान २०७२ ले बालबालिकालाई आधारभूत शिक्षा निशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा निशुल्क गरेको छ ।

नेपालको संविधान २०७२ मा जेजस्तो भनिए तापनि केटाकेटी आफ्नो हक अधिकारको प्राप्तिका लागि अझै पनि सङ्घर्ष गरिरहेका छन् । लोक कल्याणकारी उद्देश्यलाई आत्मसात् गरेको नेपालको संविधान २०७२ को प्रमुख उद्देश्य मध्ये बालबालिकाको हक अधिकारका साथै संरक्षणको प्रत्याभूति राज्यको निर्देशक सिद्धान्तभित्र पनि समेटिएको छ । बालबालिकाको हक अधिकारको संरक्षण समाजमा प्रभावकारीरूपले कार्यान्वयन हुनुपर्दछ । जहाँ कानूनी व्यवस्था प्रभावकारी हुँदैन, त्यहाँको समाजमा अराजकता उत्पन्न हुन्छ । बालबालिकाको हक सुनिश्चित गर्न टी होब्सले राज्य शक्तिशाली हुनुपर्दछ भनेको छ । राज्य बलियो हुँदा मात्र स्वतन्त्रताको रक्षा हुन्छ भने राज्य अगाडि आई कानूनद्वारा प्रदान गरिएको सम्पूर्ण अधिकारको संरक्षण गर्नु लोकतान्त्रिक जनमुखी सरकारको प्रमुख दायित्व हो ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार गरीबी बालश्रमको सबैभन्दा प्रमुख कारण हो । यसबाहेक कुनै अर्थपूर्ण विकल्प जस्तै– प्राथमिक विद्यालय नहुनु, गुणस्तरीय शिक्षा दिन नसक्नु र महँगो पढाइ हुनुको कारणले पनि बालबालिकाहरू बालश्रमतिर जान बाध्य हुन्छन् । नेपालको सन्दर्भमा दुर्गम क्षेत्रका बालबालिकालाई धेरै काम गर्नुपर्छ किनभने त्यहाँ विद्यालय नै छैन र भए पनि टाढा छ । त्यहीं अर्कोतिर नेपाली धर्म, संस्कृति र परम्पराले गर्दा पनि बालबालिकालाई धेरै काम गर्नुपरिरहेको छ । तथाकथित परिवारको मान्यता के रहेको छ भने शिक्षित हुनु उनीहरूको भाग्यमा छैन र वर्षौंदेखि चलिआएको मजदूरी परम्परा नै उनीहरूको कमाइ र जीवन धान्ने स्रोत हो । यस प्रकारको मान्यता अनुसार पुर्खाले गर्दै आएको व्यवसायलाई नै उनीहरूले सघाउँछन् । नेपाल कृषि प्रधान देश भएकोले धेरै बालश्रम कृषि क्षेत्रमैं लागेको छ । यसरी बालश्रमले बालबालिकाको निजी विकास कुण्ठित पार्छ र उनीहरूको भविष्य अन्धकारमय बनाउँछ । आजको आधुनिक युगमा पनि छोरीहरूलाई परिवारमा कम मूल्याङ्कन गरिन्छ र तिनीहरूलाई विद्यालय जानबाट वञ्चित गराइन्छ र घरेलु काममा प्रयोग गरिन्छ । अभिभावकहरूले नै उनीहरूलाई बालश्रम गर्न बाध्य पार्छन् ।

नेपालको सन्दर्भमा सानै उमेरमा गरिएको विवाहले उनीहरूलाई छिट्टै काम गर्न बाध्य गराउँछ भने प्रथम विश्वयुद्ध पछि युरोपका धेरै मानिस मरेका र आर्थिक मन्दीले बालबालिकालाई काम गर्न बाध्य पारेको उदाहरण छ । नेपाल पनि यसबाट अछूतो छैन । नेपालमा भएको दश वर्षे जनयुद्धमा आधारित तथ्याङ्कले के देखाएको छ भने ५०० बालबालिकाले ज्यान गुमाए । हजारौं प्रभावित भए, कैयौंले अभिभावक गुमाए । यसले पनि बालबालिकालाई कामतिर धकेलेको छ । त्यहीं अर्कोतिर विश्वमैं बालश्रम प्रौढहरूको तुलनामा धेरै सस्तो, काम गराउन सजिलो, बन्द हडतालको सम्भावना कम हुनेजस्ता कारणले गर्दा पनि बालश्रम बढेको छ । यस सँगसँगै पानी बेच्ने, चिया बेच्ने, गुटखा र पान बेच्नेजस्ता सजिलो काम कम पूँजीमा गर्न सकिने हुँदा बालबालिका आफैंले यस्ता व्यवसाय गरेको पाइन्छ ।

बालबालिकाहरूलाई केही रुपियाँ दिएर श्रम गराउनुको परिणाम धेरै नराम्रो हुन्छ जस्तै उनीहरू शिक्षित हुन पाउँदैनन् । बालश्रमले देशको भविष्य अन्धकारमय हुन थाल्छ । बेरोजगारी र गरिबीमा धेरै वृद्धि हुन्छ । जुन उमेरमा बालिबालिकाले शिक्षा हासिल गर्ने हो, खेलकूदको माध्यमले शारीरिक र मानसिक विकास गर्ने हो, त्यस उमेरमा काम गराएर बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकास अवरुद्ध पार्नु कहाँसम्म उचित हो ? शिक्षाको अधिकार एउटा प्रमुख अधिकार हो । शिक्षाबाट कुनै पनि बालबालिकालाई वञ्चित गर्नु सबैभन्दा ठूलो अपराध हो । बालबालिकालाई कलकारखानामा काम गराई उनीहरूको जीवनसँग खेलवाड गर्ने व्यवसायीलाई कठोर सजाय दिनुपर्छ । कुनै पनि बालबालिकाको लागि बालश्रम धेरै खतरनाक हुन्छ । यदि कुनै केटा वा केटी गरीबी वा अन्य बाध्यतावश काम गरिरहेका छन् भने उनीहरूलाई पर्याप्त तलब नदिनु वा उनीहरूको शोषण गर्नु झन् ठूलो र गम्भीर अपराध हो । नेपालका हरेक बालबालिकालाई शिक्षा हासिल गर्ने पूर्ण अधिकार छ ।

बालश्रम हाम्रो समाजको अभिशाप हो । यसलाई रोक्ने धेरै उपाय छन् । जस्तै सबैभन्दा पहिले घर वा कार्यालयमा कुनै पनि बालबालिकालाई काममा राख्नु हुँदैन । सधैं के स्मरण गर्नुपर्छ भने उनीहरूसँग काम लिएर त्यसबापत पैसा दिएर वा खाना खुवाएर उनीहरूमाथि कृपा वा सहयोग गरेको ठहर्दैन्, यो उनीहरूको जीवनसँग खेलवाड गरिएको हो । यदि कोही बाध्यतावश तपाईंको घर वा व्यवसायमा काम गरिरहेको छ भने उसलाई उचित शिक्षा दिलाउने र ऊसँग आफ्नै सन्तानजस्तो व्यवहार गर्ने तपाईंको नैतिक दायित्व हुन्छ, अन्यथा तपाईं पनि सजायको भागीदार बन्नुहुन्छ । अर्कोतिर बालश्रम रोक्न बलियो कानून बनाउनुपर्छ । गरीब आमाबुवाले पनि आफ्नो सन्तानको शिक्षामाथि पूरा ध्यान दिनुपर्छ किनभने आज हाम्रो सरकारले निश्शुल्क शिक्षा र विद्यालयमैं खाजाको समेत व्यवस्था गरेको छ । यसैगरी बालश्रमबारे सबैभन्दा पहिले बालश्रम गराउने परिवारसँग कुरा गर्नुपर्छ र उनीहरूलाई यसको दुष्परिणामबारे बुझाउनुपर्छ । यदि कहीं बालश्रम भइरहेको छ भने त्यसको जानकारी नजीकको पुलिस चौकीमा दिनुपर्छ । हाम्रो यस सानो प्रयासले नेपाल बालश्रमको अभिशापबाट मुक्त हुन सक्छ ।

स्थानीय सरकारले पनि यस्ता कुरामाथि विशेष निगरानी राख्नुपर्छ । हिजोआज वीरगंजका सामुदायिक विद्यालयहरूमा अङ्ग्रेजी शिक्षाको निहुँमा स्थानीय सरकार र विद्यालयको मिलेमतोमा 'विद्यालय व्यवस्थापन सहयोग'को रूपमा शुल्क लिने चलन र एउटै विद्यालयमा नेपाली र अङ्ग्रेजी माध्यमको नाउँमा विभेद भइरहेको सर्वविदित नै छ । महानगरले संस्थागत विद्यालयहरूको वर्गीकरण गर्न फारम दर्ता गराइसकेको हुँदा पनि हालसम्म विद्यालय वर्गीकरण नगरेको र वर्गीकरणको आधारमा शुल्क निर्धारण नगरेको हुँदा त्यहाँ पनि जथाभावी औचित्य रहित शुल्क असुल्ने प्रचलन बढेको छ । यसतर्फ पनि वर्तमान नवनिर्वाचित नगरप्रमुखले बालबालिकाको अधिकार सुरक्षित गर्न ध्यान दिनुपर्ने खाँचो छ ।

हाम्रो जस्तो मुलुकमा विद्यमान सामाजिक, आर्थिक र राजनीतिक परिस्थितिले गर्दा बालश्रम जटिल समस्या देखिएको छ । बहुसङ्ख्यक जनसङ्ख्या गाउँमा बसोवास गर्छ । यहाँ वैकल्पिक आर्थिक अवसरहरूको अभाव छ । सामाजिक तथा आर्थिक सुरक्षाको अवधारणा अपर्याप्त छ । यस कारण बालश्रमको निवारण आफैंमा चुनौतीपूर्ण देखिन्छ । यसर्थ नेपालका सीमान्त गरीब परिवारमा बालश्रम भनेको नियति हो । बालश्रम निवारण सबैका लागि अपरिहार्य छ । नेपाल सरकारले बालश्रमविरुद्ध लड्न अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गरी प्रतिबद्धता जाहेर गरेको छ तर बालश्रम उन्मूलन मात्र सरकारको दायित्व नभई हामी सबैको कर्तव्य हो । हामी सबैले आआफ्नो ठाउँबाट थोरै प्रयास गर्‍यौं भने अवश्य नै सफलता हासिल गर्न सक्छौं र बालबालिकाको भविष्य सुरक्षित बनाउन सक्छौं ।

## कुष्ठरोगका शङ्कास्पद बिरामीहरूको खोजी कार्य शुरू

प्रस, पंचगावाँ, २९ जेठ/

पटेर्वासुगौली गाउँपालिकामा आइतवारदेखि कुष्ठरोगीहरूको खोजतलाश शुरू भएको छ ।

गापाको पाँचवटै वडामा कुष्ठरोगका शङ्कास्पद बिरामीहरूको खोजी कार्य शुरू भएको हो ।

आज पहिलो दिन दुईजना कुष्ठरोगका शङ्कास्पद बिरामी फेला परेको गापाको कार्यालयले जानकारी गराएको छ । स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी, स्वयंसेविकाहरू कुष्ठरोगी पत्ता लगाउनका लागि गापा अन्तर्गतका पाँचवटा वडामा खटिएका र पहिलो दिन दुईजना शङ्कास्पद बिरामी फेला परेको सोनवर्षा स्वास्थ्य

(बाँकी अन्तिम पातामा)



कुष्ठरोगबारे चेकजाँच गर्न गाउँघरमा पुगेका चिकित्सकीय टोली । तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# हदम्याद हटाउने कि बढाउने ?

काठमाडौं, २९ जेठ/रासस

यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद बढाउने कि हटाउने भन्ने प्रश्नले सदन र सडकलाई तताएको छ। गत बढाउने भन्ने विषयमा 'पर्ख र हेर'को अवस्थामा देखिन्छ। तर उसको मुलुकी फौजदारी संहिताको दफा २२९ को हदम्यादसम्बन्धी व्यवस्थालाई संशोधन गर्ने आयोगलाई प्रतिवेदनका लागि अनुरोध गरिएको र सोही प्रतिवेदनलाई समेत मध्यनजर गर्दै हदम्यादको प्रावधानलाई आवश्यक सुधार गरिने जवाफ दिएका



पूर्वमन्त्री शक्तिबहादुर बस्नेत



सभामुख अग्निप्रसाद सापकोटा प्रतिनिधिसभाको आइतवारको बैठक सञ्चालन गर्दै।



डा भीम रावल



प्रतिनिधिसभाको आइतवार बसेको बैठकमा सहभागी सांसद। तस्वीर: रासस

हप्ताको सङ्घीय संसद्मा विधायिकाले बलात्कार मुद्दामा जाहेरी दिने हदम्याद राख्नुपर्ने, बढाउनुपर्ने र राख्नै नहुनेमा आआफ्ना भनाइ प्रस्तुत गरेका थिए।

सडकमा भने यौन हिंसाजस्तो गम्भीर प्रकृतिको कसूरमा जाहेरी दिने हदम्याद राख्नै नहुने चर्को आवाज उठिरहेको छ। विशेषगरी महिला अधिकारवादी अगुवा तथा सङ्घसंस्थाले महिलाविरुद्धको हिंसा अन्त्य गर्न यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद हटाउनैपर्ने जिकिर गरिरहेका छन्। उनीहरूको तर्क छ, "संविधानमा 'महिलाविरुद्धको हिंसा दण्डनीय' हुने उल्लेख छ। विद्यमान कानूनमा रहेको एक वर्षे हदम्याद संविधानसँग बाझिएकाले तत्काल खारेज गर्नुपर्छ," यो तर्क आफैंमा बलियो छ।

सरकार प्रस्तावित सो विधेयकमा हदम्यादको प्रावधान पूरै हटाउने कि चाहना देखिन्छ।

गत शुक्रवारको प्रतिनिधिसभा बैठकले 'यौन हिंसाविरुद्धको केही ऐन संशोधन गर्ने विधेयक, २०७९'लाई सर्वसम्मतिले स्वीकृत गर्दै दफावार छलफलका लागि सम्बन्धित समितिमा पनि पठाएको छ। अब विषयगत समितिमा सरकारले ल्याएको विधेयक र सो विधेयकमाथि सांसदहरूद्वारा राखिएका संशोधन प्रस्तावमाथि घनीभूत छलफल हुनेछन्। कानून निर्माणमा संसदीय परम्परा पनि यही नै हो। विधेयकलाई छिटो टुङ्गोमा पुर्‍याइ पारित गराउने सरकारको मनसाय देखिन्छ।

सदनमा कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले यौन हिंसासम्बन्धीका कसूरको हदम्यादका सम्बन्धमा आफू मन्त्री भएदेखि नै अध्ययन गर्न नेपाल कानून थिए। उनले सांसदहरूको जिज्ञासामा भनेका थिए, "हदम्याद बढाउँदा र हटाउँदा सकारात्मक-नकारात्मक परिणामलाई समेत ख्याल गर्नुपर्छ।"

मुलुकी फौजदारी संहिताको परिच्छेद १८ अनुसार हाडनाता करणीमा जहिलेसुकै उजूरी लाग्छ। यसमा उजूरीको हदम्याद छैन। तर हाडनाता बाहिरको हकमा बलात्कार, यौनजन्य हिंसा र दुर्व्यवहारमा घटना भएको एक वर्षभित्र उजूरी गर्नुपर्छ। नाबालिगको हकमा बालिग (१८ वर्ष भएपछि) एक वर्षभित्र र अन्यको हकमा एक वर्षभित्र उजूरी गरिसक्नुपर्ने प्रचलित कानूनी व्यवस्था छ। हदम्याद नाघेर दिइएको उजूरीमाथि कारबाही हुँदैन।

यौनजन्य हिंसाका हदम्याद कानूनमा विश्वका विभिन्न देशमा आआफ्नै अभ्यास छन्। क्यानडा, साइप्रस, घाना, हङ्गेरी, जमैका, मालदिभ्स, म्यानमा, पाकिस्तान, नेदरल्यान्ड, दक्षिण अफ्रिका, मौरिससलगायत देशमा यौन हिंसासम्बन्धी मुद्दाका लागि कुनै हदम्याद लाग्दैन। भारतमा तीन वर्षभन्दा माथिको कसूर छ भने हदम्याद नहुने भन्ने छ। अमेरिकामा राज्यपिच्छे फरक प्रावधान छ। त्यहाँको ३० भन्दा बढी राज्यमा हदम्याद नलाग्ने भन्ने छ भने बेलायतमा यौन हिंसाजस्तो गम्भीर प्रकृतिको कसूरमा हदम्याद लाग्दैन। बेलायतमा पछिल्लो समय 'समयले अपराधबाट उन्मुक्ति पाउँदैन' (क्राइम डु नट रन अगेन्स्ट टाइम) नयाँ सिद्धान्त प्रतिपादन भएको बताइएको छ।

**यस कारण आवश्यक छ हदम्याद हटाउन**

संविधानको भावना र मर्म अनुसार बलात्कार मुद्दामा जाहेरी दिने हदम्याद अर्थात् समयसीमा राखिनुहुँदैन। अर्कोतर्फ हदम्याद हटाउन नेपाललाई धेरै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र हस्ताक्षरले पनि बाध्य बनाएको छ। नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावविरुद्धको महासन्धिलाई पनि अनुमोदन गरेको छ। यसमा पनि भेदभावविरुद्ध नेपाललाई सन् २०२२ सम्ममा 'हदम्याद हटाउ' भनेर सुझाव दिइएको छ। यस्तै, सन् २०२५ भित्रमा पूरा गर्ने लक्ष्यका साथ संयुक्त राष्ट्रसङ्घले गठन गरेको 'जेनेरेशन इक्वाइली फोरम' (जिइएफ)मा पनि नेपालका विभिन्न सङ्घसंस्थाले ऐक्यबद्धता जनाइसकेका छन्।

प्रतिनिधिसभामा गत सोमवारको 'यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९' माथिको सैद्धान्तिक छलफलमा आफ्नो धारणा राख्ने क्रममा नेपाली काङ्ग्रेसका सांसद गगन थापाले बलात्कार मुद्दाको हदम्यादको व्यवस्था पुनरावलोकन गर्नुपर्ने भनाइ राखे। काङ्ग्रेसका महामन्त्रीसमेत रहेका सांसद थापाले भने, "हदम्याद कम भयो भन्नेमा छौं। यसमा पुनर्विचार गर्नुपर्छ।"

महिला, कानून र विकास मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठ संविधान कार्यान्वयन गर्न र नेपालले

(बाँकी चौथो पातामा)

# सुदूरपश्चिम : स्रोत साधन छ तर विकास कम छ

काठमाडौं, २९ जेठ/रासस

अथाह प्राकृतिक स्रोत र साधन उपलब्ध भएपनि सुदूरपश्चिम प्रदेशले अपेक्षितरूपमा आर्थिक प्रगति गर्न नसकेको पाइएको छ। कृषि पूर्वाधारको अभाव, प्राकृतिक प्रकोप व्यवस्थापन, तीव्र बसाइँसराइका कारण खेतीयोग्य जमीन बाँझो राख्ने प्रवृत्तिलगायत कारणले पनि त्यस प्रदेशको उत्पादनलाई व्यवसायीकरण गरी कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउने कार्य चुनौतीपूर्ण रहेको एक अध्ययनले देखाएको छ।

तालिका ३ : कृषि उपजले ढाकेको भू-क्षेत्र २०७८-७९

| क्षेत्रफल (हेक्टरमा): खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | हिस्सा (प्रतिशत): खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी |
|---|---|---|---|---|
| १२,६३८ | १,२३५ | १,०५० | ३.९४ | ६.३१ |
| २२,१६७ | १,०८९ | १,७१० | ६.९१ | ५.५७ |
| १३,९१० | १,३९५ | २,४७७ | ४.३४ | ७.११ |
| ७१,८६३ | ३,७८९ | १,९९४ | २२.०४ | १९.२२ |
| १८,१७८ | ९५० | १,४२४ | ५.६७ | ४.८६ |
| १०,७२७ | ३९५ | १,१३५ | ३.३५ | २.०२ |
| २०,८३३ | २,०५५ | २,५२७ | ६.५० | १०.५१ |
| २७,५९५ | ६९८ | ५०२ | ८.६१ | ३.५७ |
| १२०,७४० | ७,९८३ | ३२,८९१ | ३७.६५ | ४०.८१ |
| ३२०,६५१ | १९,५५९ | ४५,७७० | १००.०० | १००.०० |

...कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।

तालिका ४ : कृषि बालीको उत्पादन २०७८/७९

| जिल्ला | उत्पादन (मेट्रिक टन): खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | हिस्सा (प्रतिशत): खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
|---|---|---|---|---|---|---|
| दार्चुला | ३८,८८४ | १३,२४४ | ६,२१६ | ३.२२ | ५.३९ | ३.७२ |
| बैतडी | ६६,५०९ | ६,९८९ | ६,३११ | ५.५१ | २.८४ | ३.८२ |
| डडेलधुरा | ५५,५२२ | १९,९०० | ११,०५९ | ४.६० | ८.०९ | ६.६१ |
| कञ्चनपुर | ५१३,०४३ | ७७,४०९ | ३५,६९४ | ४२.५९ | ३१.५० | २१.३४ |
| बझाङ | ३३,४३८ | १७,०१० | ४,४१७ | २.७७ | ६.९२ | २.६४ |
| बाजुरा | २७,५६१ | ४,५४२ | ५,३०५ | २.२८ | १.८५ | ३.१७ |
| डोटी | ८२,५१८ | २०,७९६ | २४,२५० | ६.८४ | ८.४६ | १४.५० |
| अछाम | ६५,६६६ | ६,६४४ | ३,०९९ | ५.४४ | २.७० | १.८५ |
| कैलाली | ३२२,४७९ | ७९,३२५ | ७०,८०९ | २६.७३ | ३२.२६ | ४२.३४ |
| जम्मा | १,२०६,३१९ | २४५,९२९ | १६७,२४१ | १००.०० | १००.०० | १००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दार्चुला | ३,८०७ | ३,३७७ | २,७७१ | ५.०१ | ९.५० | ३.८३ |
| बैतडी | ८,८०२ | १,५३२ | १,७९३ | ११.५८ | ४.३१ | २.४८ |
| डडेलधुरा | ६,१५३ | ३,५९२ | ७१२ | ८.१० | १०.१० | ०.९८ |
| कञ्चनपुर | १२,९७३ | ५,४६३ | १७,२९२ | १७.०७ | १५.३६ | २३.८८ |
| बझाङ | २,५६२ | २,६५३ | ६०१ | ३.३७ | ७.४६ | ०.८३ |
| बाजुरा | ५,४८३ | ७९८ | २,०८६ | ७.२१ | २.२४ | २.८८ |
| डोटी | ५,०१० | ३,२०४ | ६,००९ | ६.५९ | ९.०१ | ८.३० |
| अछाम | ४,०५७ | ६,३३६ | ३,२९० | ५.३४ | १७.८२ | ४.५४ |
| कैलाली | २७,१५० | ८,६०७ | ३७,८६६ | ३५.७२ | २४.२० | ५२.२९ |
| जम्मा | ७५,९९६ | ३५,५६२ | ७२,४२० | १००.०० | १००.०० | १००.०० |

स्रोत: भेटेनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय।

नेपाल राष्ट्र बैंकले गरेको पछिल्लो अध्ययन अनुसार उक्त प्रदेशमा अथाह सम्भावना भएका क्षेत्रमा उत्खनन, प्रशोधन र अध्ययन र अनुसन्धानको कमीले प्रादेशिक, औद्योगिक र उद्यमशीलता विकासको गति न्यून रहेको देखाइएको हो। भौगोलिक विकटताकाबीच छरिएर रहेका बस्ती तथा गाउँमा वित्तीय पूर्वाधारको विकास तथा वित्तीय साक्षरता अभिवृद्धिमार्फत वित्तीय पहुँच विस्तार गर्ने कामलाई अध्ययनमा चुनौतीका रूपमा चित्रण गरिएको छ। आवश्यक पूर्वाधार निर्माण, निक्षेप सङ्कलन तथा कर्जा परिचालन, दक्ष जनशक्ति निर्माण मुख्य चुनौतीका रूपमा रहेको पाइएको केन्द्रीय बैंकको अध्ययनमा उल्लेख छ।

पहाडी जिल्लालाई तराईका जिल्लासँग जोड्ने विभिन्न योजना निर्धारित समयमैं सम्पन्न नहुँदा पहाड र तराईबीचको अन्तर आबद्धता मजबूत हुन सकेको छैन। सेवाग्राही कार्यालय प्रविधिमैत्री नहुँदा तथ्याङ्क अद्यावधिक एवं व्यवस्थापन गरी आवश्यक नीति निर्माण गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ। प्रदेशको राजस्व सङ्कलन गर्ने क्षमता न्यून रहेको अवस्थामा त्यहाँको स्रोतसाधन उपलब्धताबीचको खाडल पूर्ति गर्ने विषय पनि उत्तिकै जटिल देखिन्छ। स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्यलाई पनि अध्ययनले चुनौतीका रूपमा लिएको छ।

विविध खालका चुनौती रहे पनि सुदूरपश्चिम प्रदेशको प्रमुख नगदेबालीको पकेट क्षेत्र विस्तार गर्ने, उचित मूल्य निर्धारण गर्ने तथा आधुनिक प्रविधिको माध्यमबाट उत्पादन विस्तार गर्ने कार्य तत्काल गर्न सकिने सम्भावनाका रूपमा लिइएको र त्यसले आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न सक्ने उच्च सम्भावना देखिन्छ। निर्माणका क्रममा रहेको राष्ट्रिय गौरवको आयोजना रानीजमरा कुलरिया सिंचाइ परियोजना समयमैं सम्पन्न भएमा कृषि क्षेत्रमा रहेको मौसमी निर्भरतालाई कम गरी उत्पादकत्व बढाउन सकिन्छ।

उक्त आयोजनाले कुल ३८ हजार ३०० हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउँछ। सो आयोजनाको भौतिक प्रगति ६० प्रतिशतको हाराहारीमा छ। त्यस्तै, ३३ हजार ५२० हेक्टर जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अगाडि बढाइएको महाकाली सिंचाइ आयोजना निर्माणलाई पनि द्रुत गतिमा अगाडि बढाउन सकिए उक्त प्रदेशले कृषि क्षेत्रको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान गर्न सक्ने स्पष्ट देखिन्छ।

अध्ययनमा भनिएको छ, "ती परियोजना द्रुत गतिमा सम्पन्न गर्न सके मौसमी निर्भरता कम भई कृषियोग्य भूमिको उत्पादकत्व तथा कृषि उत्पादन वृद्धि हुनाका साथै औद्योगिक विकासको गतिलाई समेत तीव्रता दिन सकिन्छ।" औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधार (औद्योगिक क्षेत्र, उद्योग ग्राम, सडक, विद्युत् आयोजना आदि)को निर्माणमा तीव्रता दिन सके औद्योगिक विकासको प्रचूर सम्भावना सो प्रदेशमा रहेको पाइन्छ। प्रदेशभित्रका महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक क्षेत्रमा पर्यटन पूर्वाधार विकास गरी आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिन्छ।

**कृषि भूमि घट्दै**

पहाडी जिल्लाबाट सुख सुविधा खोज्दै तराई तथा समथर स्थानमा बसाइँसराइ गर्ने प्रवृत्तिमा भएको विकासले कृषि भूमि क्रमशः घट्दै गएको अध्ययनले देखाएको छ। केन्द्रीय बैंकको अध्ययन अनुसार उपजले ढाकेको भूक्षेत्र शून्य दशमलव ५८ प्रतिशतले ह्रास भएको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफल शून्य दशमलव ७० प्रतिशतले ह्रास आएको थियो। खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला बाली लगाइने क्षेत्रलाई कृषि भूमिका रूपमा लिइएको छ।

# मधेसमा समृद्धिको आधार कृषि– मुख्यमन्त्री गद्दी

महोत्तरी, २९ जेठ/रासस

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले समृद्धिको मुख्य आधार कृषि भएको बताएका छन्। महोत्तरी



तस्वीर: सौजन्य

चेम्बर अफ कमर्सले शनिवार साँझ बर्दिबासमा आयोजना गरेको 'युवा उद्यमशीलतामा स्थानीय सरकारको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले कृषिलाई मुख्य प्राथमिकतामा राखी समृद्धिको बाटो फराकिलो बनाउन आवश्यक रहेको बताए।

प्रदेशको आर्थिक अग्रगतिको मुख्य आधार कृषि भएकोले यसको आधुनिकीकरण र सुविधा वृद्धि पहिलो आवश्यकता बनेको उनको भनाइ छ। समयमा मलखाद, बीउबिजन र सिंचाइ सुविधा उपलब्ध गराउन सके किसानको जीवनस्तरमा सुधार र मुलुकको आर्थिक उन्नतिमा टेवा पुग्ने चर्चा गर्दै उनले मलखाद समयमा नपाएर किसानले खेतीका बेला बर्सेनि रुने अवस्था दुःखदायी रहेको छ भने।

"कृषि समृद्धिको मुख्य आधार भन्ने कुरामा सबै सहमत छौं, तर किसानलाई समयमा मलखाद, बीउबिजन दिन सकेका छैनौं"– मुख्यमन्त्री गद्दीले भने– "सङ्घीय सरकारले समयमा कृषि सामग्री उपलब्ध गराउन नसकेपछि अब यसको आपूर्तिको जिम्मा प्रदेश सरकारलाई दिनुपर्छ।" आफू कहिल्यै समयमा मलखादको प्रबन्ध गर्न नसक्ने र त्यो अभिभारा विकेन्द्रित पनि नगर्ने सङ्घीय सरकारको अड्डीले कृषि सामग्रीको आवश्यकता समयमा परिपूर्ति हुन नसकेको उनको भनाइ छ।

मुख्यमन्त्री गद्दीले मुलुकमैं कृषि उद्योग स्थापनाका लागि लगानी बढाउने वातावरण सरकारले बनाउनुपर्ने बताए।

"मधेस सरकारले प्रदेशभित्र यस्ता उद्योग खोल्न चाहनेलाई २० वर्षसम्म कर नलिने र जग्गा लिजमा उपलब्ध गराउने कानून नै बनाएको छ"–मुख्यमन्त्री गद्दीले भने–"तर सङ्घ र प्रदेश सरकारबीच समन्वय नहुँदा उद्यमी उत्साही हुन सकेका छैनन्।"

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले सीप अभिवृद्धि र उद्यम स्थापनामा आफ्नो संस्था सहयोगी रहने प्रतिबद्धता जनाए। सीप सिकाउने र युवालाई साना उद्यम सञ्चालन गर्न प्रेरित गर्ने कुरामा स्थानीय र प्रदेश सरकारसँग समन्वय गरिने उनले बताए।

कार्यक्रममा जिल्लामा भर्खरै सम्पन्न स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको सम्मान गर्दै प्रत्येक स्थानीय तहमा स्थानीय सीप बढाउने नीति बनाउन कमर्सले अपील गरेको छ। कार्यक्रम नेपाल चेम्बर अफ कमर्स महोत्तरीका अध्यक्ष सुधीर अग्रवालको अध्यक्षतामा सम्पन्न भएको हो।



**पर्सा, वीरगंज-१७ अलौंस्थित गढीमाई मन्दिरमा आयोजित महायज्ञ** : जेठ २६ गतेदेखि अलौं, आठराहा र कोन्हिया गाउँवासीको संयुक्त अयोजनामा भइरहेको महायज्ञमा मेला तथा खेलतमासाको व्यवस्था छ। महायज्ञ हेर्न दर्जनौं गाउँका हजारौं दर्शक आइरहेका छन्। तस्वीर : राधेश्याम पटेल

# हल्कादेखि मध्यम वर्षाको सम्भावना

काठमाडौं, २९ जेठ/रासस

देशका अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको



तस्वीरः फाइल

छ।

प्रदेश नं १, मधेस, बागमती र गण्डकी प्रदेशका भूभागमा मनसुनी वायुको सामान्य प्रभाव र अन्य प्रदेशका भूभागमा स्थानीय वायु तथा भारतको उत्तर प्रदेश र बिहारमा रहेको पूर्व–पश्चिमी न्यून चापीय रेखाको प्रभाव रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

उक्त प्रणालीको प्रभावले प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र कर्णाली प्रदेशमा सामान्य बदली रही अन्य प्रदेशमा आंशिक बदली भई प्रदेश १, मधेस प्रदेश, बागमती, गण्डकी र कर्णाली प्रदेशका केही स्थान तथा अन्य प्रदेशका पहाडी भूभागका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

हाल देशभर सामान्य बदली रहेको छ। लुम्बिनी प्रदेशका थोरै स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ। रातको समयमा प्रदेश नं १ र मधेस प्रदेशका धेरै स्थान, बागमती, गण्डकी र कर्णाली प्रदेशलगायत अन्य प्रदेशका पहाडी भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रही प्रदेश नं १, मधेस र बागमती प्रदेशका एक वा दुई स्थानमा भारी वर्षाको सम्भावना छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौं उपत्यकाको न्यूनतम तापक्रम २०.५ डिग्री र अधिकतम तापक्रम २९.५ डिग्री सेल्सियस छ।

# आगलागीबाट छ लाखको धनमाल नष्ट

प्रस, पंचगावाँ, २९ जेठ/

पटेर्वासुगौली गाउँपालिका–३ पश्चिम देकुलीमा बृजलालदास थारूको घरगोठमा आगलागी भएको छ।

लामखुट्टे धपाउन बालिएको घुरबाट घरगोठमा आगलागी हुँदा छ लाख मूल्य बराबरको क्षति भएको छ।

गएराति १२ बजे आगलागी भएको र दुई घण्टापछि स्थानीय बासिन्दा र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा लिन सफल भएको प्रहरी चौकी रङ्गपुरटाँडीका प्रहरी सहायक निरीक्षक सर्फलाल यादवले बताए। आगलागीमा परी दुईवटा भैंसी गम्भीर घाइते भएका छन् भने घरमा रहेका लत्ताकपडा, खाद्यान्न जलेर नष्ट भएको छ। प्रहरीले प्रारम्भिक अनुमान अनुसार छ लाख मूल्यबराबरको क्षति भएको बताएको छ।

## हदम्याद हटाउने.....

अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका विभिन्न प्रतिबद्धतालाई कार्यान्वयन गर्न यौनजन्य हिंसासम्बन्धी कसूरमा हदम्याद हटाउन आवश्यक रहेको औंल्याउँछन्। उनी भन्छन्, "हदम्यादको सम्बन्ध कसूरको गाम्भीर्यसँग हुन्छ। जबरजस्ती करणीमा एक वर्षमा उजूरी आयो भने जघन्य अपराध हुने, त्यो नाघ्यो भने उजूरी पनि नलाग्ने अवस्था छ। त्यो आफैंमा मिल्दो छैन। सजाय र हदम्यादको अनुपात जबरजस्ती करणीको कसूरमा मिलेको छैन। जबरजस्ती करणीसम्बन्धी आज घटना भएको छ, भोलिपल्टै उजूरी पर्छ भन्ने हुँदैन।" हाडनाता करणीमा हदम्याद लाग्दैन, प्रमाण सङ्कलनमा समस्या हुँदैन भने जबरजस्तीमा किन समस्या हुन्छ ? उनी प्रश्न गर्छन्।

राष्ट्रिय महिला आयोगको पछिल्लो प्रतिवेदनका अनुसार मुलुकमा हुने महिला हिंसामध्ये ७० देखि ८० प्रतिशत घटना आफन्त, चिनजान र परिवारका सदस्यबाट हुने गरेको छ। भिजिबल इम्प्याक्टका अध्यक्ष मेधा शर्मा भन्छिन्, "लैङ्गिक हिंसा अन्त्यका लागि सामूहिक प्रयत्नको आवश्यकता छ। नेपालले अन्तर्राष्ट्रिय फोरमहरूमा जनाएका प्रतिबद्धता कार्यान्वयन गर्नुपर्छ।"

**नेपालमा लैङ्गिक हिंसाका घटना उच्च**

नेपाल जनसाङ्ख्यिक एवं स्वास्थ्य सर्भे २०१६ का अनुसार नेपालमा लैङ्गिक हिंसाका घटना उच्च छन्।

पन्ध्रदेखि ४९ वर्ष उमेर समूहका प्रत्येक पाँचजना महिलामध्ये एकजनाले १५ वर्षको उमेरदेखि शारीरिक हिंसा अनुभव गरेको पाइएको छ भने चारजना विवाहिता महिलामध्ये कम्तीमा एकजनाले पतिबाट शारीरिक, यौनिक वा भावनात्मक हिंसाको अनुभव भोग्ने गरेका छन्।

पति–पत्नीबीचको हिंसाको सामान्य प्रकारमा शारीरिक हिंसा (२३ प्रतिशत) र भावनात्मक हिंसा (१२ प्रतिशत) छन्।

शारीरिक र यौनिक हिंसा अनुभव गर्नेहरूमध्ये ६६ प्रतिशतले आफूले भोगेका हिंसा प्रतिरोध गर्न वा रोक्नका लागि कसैको सहयोग खोज्ने वा कसैलाई भन्ने गरेको पाइँदैन। यस्ता डरलाग्दा तथ्याङ्कहरूलाई मौनताको संस्कृति र लैङ्गिक हिंसामा आधारित सही तथ्याङ्क उत्पन्न गर्न कति गाह्रो छ भन्ने कुरालाई रूढिवादी अनुमानका रूपमा लिइन्छ।

**संशोधन दर्ता**

'यौन हिंसाविरुद्धको केही ऐन संशोधन गर्न विधेयक, २०७९'मा हदम्यादको व्यवस्था हटाउन संसद् सचिवालयमा संशोधन दर्ता भएका छन्। सचिवालयका अनुसार सत्ता साझेदार र प्रतिपक्ष दुवै दलका सांसदले अलग–अलग संशोधन दर्ता गराएका छन्।

नेपाली काङ्ग्रेसका सांसद गगन थापासहित १३ जनाले मुलुकी फौजदारी संहिताको दफा २२९ मा रहेका सबै प्रकारका करणी कसूरमा जाहेरीको हदम्याद नराख्न संशोधन दर्ता गराएको जनाइएको छ। सोही दलका सांसद मीन विश्वकर्माले परिस्थिति हेरी दण्ड र उजूरी गर्ने हदम्यादलाई वर्गीकरण गर्न प्रस्ताव गरेका छन् भने नेकपा (माओवादी केन्द्र)का सांसद रेखा शर्मासहित पाँचजनाले दर्ता गराएको संशोधनमा नाबालिगको हकमा भएको करणी कसूरमा बालिग भएको पाँच वर्षलाई हदम्याद राख्न प्रस्ताव गरिएको बताइएको छ।

प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का सांसद बिन्दा पाण्डेसहित आठजनाले बलात्कार मुद्दाको मौजुदा हदम्यादको व्यवस्था पूर्ण हटाउन संशोधन राखेका छन्।

संशोधनमा भनिएको छ, "मुलुकी फौजदारी संहिताको दफा २२९ को हदम्याद व्यवस्था सबै बलात्कारको मुद्दामा राखिनुहुँदैन।" यसैबीचमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यौनजन्य दुर्व्यवहार (पहिलो संशोधन) २०७८ संशोधन गर्न लागेको जनाएको छ।



**कारखाना खुल्ने पर्खाइ** : कृषि औजार कारखाना, वीरगंजमा गार्डको रूपमा कार्यरत लालबाबूप्रसाद कुर्मी विगत २५ वर्षदेखि बन्द रहेको कारखाना खुल्ने पर्खाइमा छन्। उनी त्यस बेला रु ७२ प्रतिमहीना पारिश्रमिक पाउने मजदूर थिए। सरकार परिवर्तनसँगै कारखाना खुल्ने आस भने उनले मारेका छैनन्। तत्कालीन राजा महेन्द्र, श्री ५ को सरकार र सोभियत रूस सरकारको संयुक्त सहयोगमा २०२४ फागुन २८ गते सञ्चालनमा आएको यो कारखाना तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले खारेजीमा पारी बन्द गराएका थिए। तस्वीरः पङ्कज श्रेष्ठ

## फरक समाचार

# दहीसँग भुलेर पनि नखानुहोस् यी चीजहरू

गर्मी मौसममा दही खानु स्वास्थ्यका लागि फाइदाजनक हुन्छ। स्वादिलो मात्र होइन, यसमा भिटामिन, क्याल्सियम र प्रोटिन पनि प्रशस्त मात्रामा पाइन्छ। यी सबै मिलेर शरीरलाई स्वस्थ राख्नका लागि काम गर्छन्। नियमित दही खाँदा पाचन प्रणाली राम्रो रहन्छ।



दही कपाल र छालाको लागि पनि प्रयोग गरिन्छ। विभिन्न स्वादिलो परिकारमा बनाइएका ग्रेभीको स्वाद र रङ्ग बढाउन पनि दहीको प्रयोग गरिन्छ। के तपाईंलाई थाहा छ, दही खानु स्वास्थ्यका लागि राम्रो त हुन्छ तर गलत चीजसँग दही खानुका बेफाइदा पनि छन्। धेरै कुरा यस्ता छन्, जुन दहीसँग खाँदा स्वास्थ्यमा नकारात्मक असर गर्छ। के के हुन् त ती चीजहरू, जानौं।

**प्याज र दही**

गर्मी मौसममा हाम्रा बूढापाकाहरूले प्याज खाने सल्लाह दिन्छन्। गर्मीमा प्याज खाँदा लूबाट बच्न सकिन्छ। त्यस्तै, कतिपयले प्याज र दही सँगै खाने गर्छन्। यदि तपाईं पनि ती व्यक्तिहरूमध्ये एक हुनुहुन्छ भने, तपाईंले यो बानी तुरुन्तै बदल्नुपर्छ। वास्तवमा दहीले शरीरलाई शीतल बनाउँछ र प्याजको प्रभाव तातो हुन्छ। यस्तो अवस्थामा प्याज र दही एकसाथ खाँदा यसले हाम्रो शरीरलाई हानि पुऱ्याउँछ।

**दही र माछा**

भनिन्छ, माछा खाँदा आँखासम्बन्धी समस्या हट्छ। यदि कुनै व्यक्तिले दहीसँग माछा खान्छ भने त्यो उसको लागि हानिकारक हुन सक्छ। दही र माछा एकसाथ खानुहुँदैन। यदि तपाईं माछा खाँदै हुनुहुन्छ भने त्यो समयमा दही खान भुल्नुहोला। दही र माछा सँगै खाँदा पेटसँग सम्बन्धित धेरै समस्या हुन सक्छन्।

**दही र आँप**

आँप गर्मी मौसममा पाइने मौसमी फल हो। दहीसँग आँप कहिल्यै खानुहुँदैन। किनभने आँप र दही दुवैको स्वाद फरक हुन्छ। जसका कारण यसले अपच र पेटसँग सम्बन्धित रोगहरू निम्त्याउन सक्छ। दही र आँप सँगै खाादा छालासम्बन्धी रोग पनि लाग्न सक्छ।

# विश्व रक्तदाता दिवस : यो दिवस किन मनाइन्छ ?

जून १४ लाई विश्व रक्तदाता दिवसको रूपमा मनाइन्छ। यो दिनलाई विश्व रक्तदाता दिवस पनि भनिन्छ। यो दिनलाई विश्व स्वास्थ्य सङ्गठन अर्थात् डब्ल्यूएचओले रक्तदाता दिवसका रूपमा मनाउने घोषणा गरेको हो।




मानिसहरूलाई रक्तदान गर्न प्रोत्साहित गर्न र रगत उत्पादनको आवश्यकताबारे चेतना जगाउन सन् २००४ मा यो दिवस स्थापना गरिएको हो। यस्तो अवस्थामा मानिसहरूलाई रक्तदानसँग सम्बन्धित केही रोचक तथ्यहरूका बारेमा जान्नु आवश्यक छ।

**रक्तदाता दिवस किन मनाइन्छ ?**

तपाईंलाई भनौं कि जून १४ नोबेल पुरस्कार विजेता कार्ल ल्यान्डस्टेनरको जन्मदिन हो। उनी एबिओ रक्त समूह प्रणाली पत्ता लगाउने वैज्ञानिक थिए। यस्तो अवस्थामा उनको जन्मदिनमा विश्व रक्तदाता दिवस मनाइन्छ। रक्त समूहको खोजअघि रगतको ट्रान्सफ्यूजन समूहको जानकारीविना गरिन्थ्यो। जब कार्ल ल्यान्डस्टेनरले रक्त समूह पत्ता लगाए, उनलाई १९३० मा नोबेल पुरस्कार प्रदान गरियो।

**यस वर्षको नारा के हो ?**

यस वर्षको विश्व रक्तदाता दिवसको नारा हो– 'Donating blood is an act of solidarity. Join the effort and save lives.' अर्थात् 'रक्तदान गर्नु एकजुटताको कार्य हो। यस्तोमा प्रयासको हिस्सा बन्नुहोस् र जीवन बचाउनुहोस्।'

# औषधिको पातामा किन हुन्छ खाली गोला ?

संसारभरका हरेक घरमा औषधि पाइन्छन्, तर औषधिको पातामा किन खाली ठाउँ छोडिन्छ भन्ने शायद कसैलाई थाहा होला ?



धेरैपटक सबै प्रकारका कुरा देखेपछि हाम्रो दिमागमा विभिन्न किसिमका प्रश्न आउँछन् तर उत्तर नजानेर हामी अगाडि बढ्छौं।

यस्तोमा औषधिका धेरै पातामा खाली गोलाहरू हुन्छन्। यस गोलामा कुनै औषधि हुँदैन, तर पनि औषधिको पातामा राखिन्छ। के तपाईंलाई थाहा छ, खाली गोलाहरू किन बनाइन्छन् ? यो प्रश्नको जवाफ धेरै कम व्यक्तिसँग मात्र छ।

**यी गोलाहरूले पातालाई टुट्नबाट जोगाउँछन्**

कहिलेकाहीं तपाईंको दिमागमा यो प्रश्न आउँछ कि औषधिका पातामा यी खाली गोलाहरू किन बनाइन्छन्। त्यसैले यसबारेमा थाहा पाऔं। वास्तवमा यो औषधिलाई फुट्नबाट रोक्नको लागि बनाइएको हो। औषधि बनाएपछि धेरै ठाउँमा ढुवानी गरिन्छ। यस्तो अवस्थामा औषधिलाई आयात–निर्यातको क्रममा अत्यधिक चापबाट जोगाउन र टुट्नबाट जोगाउन औषधिको पातामा खाली गोला राखिन्छ।

**औषधिलाई सुरक्षित राख्न**

अन्य सबै सामानको प्याकिङ जस्तै यी औषधिहरू पनि यसरी प्याक गरिन्छ कि कुनै दबाब पर्दा पनि सबै क्षति खाली गोलामा रहन्छ र औषधिहरू सुरक्षित रहन्छन्। तर धेरै यस्ता औषधिहरू पनि हुन्छन्, जसमा खाली गोला हुँदैन।

**सुरक्षासँगै दोस्रो कारण**

सुरक्षाबाहेक अर्को कारण पनि छ, जसका कारण यी खाली गोलाको आवश्यकता बढ्छ र कतिपय अवस्थामा फाइदा पनि हुन्छ। उदाहरणका लागि धेरैपटक मानिसहरूलाई औषधिको सम्पूर्ण पाता चाहिंदैन। यस्तो अवस्थामा धेरैपटक पाता काट्दा गोलीको आवरण भागमा काटिएका कारण बिग्रन्छ। यस्तो अवस्थामा यी खाली गोलाहरू काममा आउँछन्।

प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनलाई थप सैन्य सहयोग –ब्रिटिश रक्षामन्त्री

किभ, २९ जेठ/सिन्हवा

ब्रिटिश रक्षामन्त्रीले युक्रेनलाई थप सैन्य सहयोग उपलब्ध गराउने बताएका छन्।



तस्वीरः सिन्हवा

बेलायती रक्षामन्त्री बेन वालेसले शनिवार सो प्रतिबद्धता सार्वजनिक गरेको विभिन्न विदेशी सञ्चारमाध्यमले जनाएका छन्।

हाल बेलायतको भ्रमणमा रहेका युक्रेनका रक्षामन्त्रीसँगको भेटघाटपछि ब्रिटिश रक्षामन्त्री वालेसले सो कुराको जानकारी दिएका हुन्।

शनिवार उनीहरूबीच भएको भेटका क्रममा हालैका दिनमा युक्रेनको अवस्थाको बारेमा युक्रेनी रक्षामन्त्रीले जानकारी गराएका थिए।

अहिले पनि युक्रेनलाई बेलायतले सैन्य सहयोग दिइरहेको र यसलाई आगामी दिनमा थप गरिने ब्रिटिश रक्षामन्त्री वालेसले जानकारी दिएका हुन्।

अहिले पनि युक्रेनमा रूसको हमला जारी नै रहेको भन्दै युक्रेनका रक्षामन्त्री ओलेक्सी रेनिकोभले रूससँग सङ्घर्ष गर्नका लागि थप शक्तिशाली हतियार आवश्यक रहेको सो भेटमा बताएका थिए।

युक्रेनी रक्षमन्त्रीको यो आग्रहपछि ब्रिटिश रक्षामन्त्री वालेसको यो प्रतिक्रिया आएको हो। गत महीना मात्र बेलायती प्रधानमन्त्री बोरिस जोनसनले युक्रेनको भ्रमण गरेका थिए।

त्यस भ्रमणका क्रममा ब्रिटिश प्रधानमन्त्री जोनसनले बेलायतले युक्रेनका लागि १.६ बिलियन अमेरिकी डलर बराबरको सैन्य सहायता उपलब्ध गराउने घोषणा गरेका थिए। रासस

# भारतमा सात हजार ५८४ नयाँ सङ्क्रमित

नयाँ दिल्ली, जेठ २९/एएनआई

भारतमा शनिवार मध्यराति अर्थात् २४ घण्टाको समयावधिमा सात हजार ५८४ जना कोरोना सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले आइतवार जानकारी दिएको छ।

हाल भारतमा सक्रिय सङ्क्रमितको सङ्ख्या ४४ हजार ५१३ रहेका छन्। यो कुल सङ्क्रमितको ०.०६ प्रतिशत भएको जनाइएको छ।

शनिवार मध्यरातिसम्म अर्थात् २४ घण्टाको समयावधिमा चार हजार ४३५ जनालाई कोरोना निको भएपछि कोरोनाबाट मुक्त भएकाको कुल सङ्ख्या चार करोड ३० लाखभन्दा बढी पुगेको छ।

अहिले कोरोना भाइरस मुक्तिदर ९८.७१ प्रतिशत रहेको छ।

कोरोना महामारीको कारण सङ्क्रमितको सङ्ख्या भारतमा पाँच लाख २४ हजार ७५७ पुगेको छ। भारतमा कोरोना शुरू भएदेखि हालसम्म कुल ८५ करोड ४५ लाखभन्दा बढी व्यक्तिको परीक्षण भएको छ।



तस्वीरः एएनआई

भारतमा सन् २०२१ जनवरीबाट राष्ट्रव्यापी खोप अभियान शुरू गरिएको थियो। सो समयदेखि हालसम्म एक अर्ब ९५ करोड सात लाखभन्दा बढी मात्रा खोप लगाइएको छ। रासस

# स्वतन्त्रता दिवस समारोहमा रक्षामन्त्री बेहोश

मनिला (फिलिपिन्स), २९ जेठ/एएनआई

फिलिपिन्सका रक्षामन्त्री लोरेन्जाना आइतवार बिहान स्वतन्त्रता दिवस समारोहमा उपस्थित हुने क्रममा बेहोश भएको सञ्चारमाध्यमले जनाएका छन्।


फिलिपिन्सका रक्षामन्त्री लोरेन्जाना। तस्वीरः फाइल

राष्ट्रिय रक्षा विभागले सिन्हवालाई उद्धृत गर्दै उनको स्वास्थ्य “स्थिर अवस्थामा” रहेको बताएको छ। लोरेन्जानाले आफ्नो सामाजिक सञ्जालमा लेखेका छन्, “अहिले म ठीक छु। यसअघि गरिएको परीक्षणको नतीजा ठीक भएकोले आराम गरिरहेको छु।”

“भर्खरैको लगातार अन्तर्राष्ट्रिय सुरक्षा संलग्नताबाट आएको थकानले मलाई असर गरेको हुन सक्छ। आज बिहान तापक्रम चर्को थियो,” लोरेन्जानाले भने।

रक्षा प्रवक्ता आर्सेनियो एन्डोलोङका अनुसार लोरेन्जाना अहिले आराम गरिरहेका छन् र आज बिहान रिजाल पार्कमा स्वतन्त्रता दिवसको झन्डा फहराउने समारोहमा बेहोश भएपछि आराम गर्न सल्लाह दिइएको छ।

लोरेन्जाना १९औं साङ्ग्रिला संवादमा सहभागी भई आफ्ना विदेशी समकक्षीसँग भेट गरी आइतवार बिहान सिङ्गापुरबाट आइपुगेको समाचार एजेन्सीले जनाएको छ। उनी मनिलामा अवतरणपछि सीधैं समारोहमा गएका थिए। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | वादविवाद | वृष | यात्रालाभ |
| मिथुन | कडापरिश्रम | कर्कट | सुसमाचार |
| सिंह | उदरपीडा | कन्या | विजय |
| तुला | धनलाभ | वृश्चिक | भाग्योदय |
| धनु | बेचैनी | मकर | मनोरञ्जन |
| कुम्भ | कर्मप्राप्ति | मीन | प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।
वीरगंज महानगरपालिका


# पोखरियामा नमूना विद्यालय बनाउने प्रमुखको प्रतिबद्धता

प्रस, पोखरिया, २९ जेठ/

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहानले नगरपालिकामा नमूना विद्यालय बनाउने प्रतिबद्धता जाहेर गरेका छन्।


कार्यक्रममा सहभागी नगरप्रमुख प्रद्युम्न चौहानलगायत। तस्वीरः प्रतीक

जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना प्राविधिक विद्यालय पोखरियाद्वारा आयोजित सम्मान कार्यक्रममा नगरप्रमुख चौहानले आगामी बजेटमा पोखरियाका विद्यालयमध्ये जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना प्राविधिक विद्यालयलाई नमूना विद्यालय बनाउने उद्घोष गरेका हुन्। उनले चालू आवमा नेपाल सरकारले पोखरियामा नमूना विद्यालयका लागि दुई करोड रकम विनियोजित गरेर पठाएको तर सो रकम पोखरिया नपामा रहेका २४ वटा विद्यालयलाई दामासाहीले वितरण गरिएका कारण नमूना विद्यालय बनाउने सरकारको सपना साकार हुन नसकेको बताए। उनले आगामी बजेटमा सरकारले पठाएको रकम सोही परियोजनामा मात्र खर्च हुने जानकारी गराए।

उनले जिल्ला उच्चाङ्गल रामदेव कलवार नमूना प्राविधिक विद्यालयमा भएका समस्याहरू समाधान गर्ने आश्वासन पनि दिए।

भौतिक पूर्वाधार निर्माण अन्तर्गत विद्यालय भवन, शौचालय निर्माण तथा शिक्षकहरूको समस्या समाधान गरिने आश्वासन दिए। उनले शिक्षकहरू दरबन्दी अनुसार बहाल गरिने बताए।

विद्यालयका प्र अ ओमप्रकाश रौनियारको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा उपप्रमुख रूबि ठाकुर र वडा नं १ देखि १० का वडाध्यक्ष, शिक्षक, अभिभावकहरूको सहभागिता थियो।

# वडासभा सम्पन्न, पूर्वजनप्रतिनिधिहरू सम्मानित

प्रस, ठोरी, २९ जेठ/

ठोरी गाउँपालिका वडा नं २ को


तस्वीरः प्रतीक

छैटौं वडासभा सम्पन्न भएको छ। वडा नं २ को कार्यालयमा आयोजित वडासभामा वडाध्यक्ष अमृतकृष्ण सापकोटाले आर्थिक वर्ष २०७९/८० को लागि आफ्नो वडाले सञ्चालन गर्ने कार्यक्रम समेटिएको नीति तथा कार्यक्रम सार्वजनिक गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि पूर्ववडाध्यक्ष किशोर तामाङले आफूले पाँच वर्षे कार्यकालमा सम्पन्न गरेका योजनाहरूले वडा नं २ ले विकासको खाका कोरेको हुँदा आगामी पाँच वर्षे कार्यकालमा यस वडालाई नमूना वडा बनाउन कोसेढुङ्गा साबित हुने बताउँदै नमूना वडा निर्माणका लागि सर्वपक्षीय साथ र सहयोग अपरिहार्य रहेको औंलाएका थिए।

वडाध्यक्ष सापकोटाले प्रस्तुत गरेका नीति तथा कार्यक्रमले विकासका पूर्वाधार निर्माणका लागि सबै क्षेत्रले महत्त्वका साथ स्थान पाएको हुँदा योजना सम्पन्न गराउन सबैले पारदर्शिताका साथ कार्य गर्नुपर्नेमा पूर्ववडाध्यक्ष तामाङले जोड दिए।

वडासभाकै अवसर पारेर पूर्वजनप्रतिनिधिहरूलाई सम्मान गरिएको थियो। पूर्ववडाध्यक्ष किशोर तामाङ, पूर्व वडासदस्यहरू छलिमाया गुरुङ, श्यामहरि शर्मालाई खादा तथा दोसल्ला ओडाएर सम्मान गरिएको वडासदस्य भगवती धितालले जानकारी दिइन्।

वडाध्यक्ष सापकोटाले प्रस्तुत गरेका नीति तथा कार्यक्रममा सुन्दरबस्तीदेखि चोकबजार, गैरालाइन हुँदै हुलाकी राजमार्गसम्म जोड्ने सडकलाई कालोपत्रे गर्न प्रदेश सरकारसँग समन्वय गरी कार्य सम्पन्न गर्ने, टाउन र सुन्दरबस्तीका नागरिकलाई खानेपानीको लागि ओभरहेड टङ्की निर्माणको लागि पहल गरिने, वडा नं २ लाई उज्यालो वडा बनाउने, पर्यटकीय क्षेत्रको रूपमा वडालाई विकास गर्ने, नदी नियन्त्रणका लागि आवश्यक पहल गरी कार्यक्रम लागू गरिने, सिंचाइको प्रबन्ध मिलाउने, शिक्षा, युवा तथा खेलकूद क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने, स्वास्थ्य क्षेत्रलाई प्रभावकारी बनाउने, सूचनाको पहुँचमा वडावासीलाई राख्ने, वन्यजन्तु रोकथामलगायतका विभिन्न क्षेत्रलाई समेटिएको नीति तथा कार्यक्रम वडाध्यक्ष सापकोटाले प्रस्तुत गरेका थिए।

कार्यक्रममा नेपाली काङ्ग्रेसका देवी पराजुली, नेकपा एमालेका नरबहादुर क्षेत्री, माओवादी केन्द्रका भैरव बस्नेत, सरस्वती माविका प्रधानाध्यापक केशवप्रसाद रेग्मी, नेपाल रेडक्रस सोसाइटी, ठोरी शाखाका सभापति प्रकाश खनाल, युवा नेता पीताम्बर सिलवाल, युवा नेता देवजङ्ग पण्डितलगायतले शुभकामना मन्तव्य दिएका थिए।

कार्यक्रममा स्वागत मन्तव्य वडासदस्य भगवती धितालले गरेकी थिइन् भने कार्यक्रमको सहजीकरण वडा सचिव धनराज बोटले गरेका थिए।

### वीरगंजका प्रमुखसँग उद्योगी....

नगरपालिकाले पनि सेवासुविधा दिनुपर्ने बताए।

नगरवासीले कर मात्रै दिने र महानगरले सेवासुविधा नदिएर उल्टै दुःख दिने हो भने कर बुझाउने करदाताको सङ्ख्या घट्दै जाने डा शाक्यले बताए। करको दर नबढाएर दायरा बढाउनुपर्ने र करदातालाई कर तिर्न प्रोत्साहित गर्नुपर्नेमा उनले जोड दिए। ४० प्रतिशत घरको नक्शापास नभएको हुँदा सहुलियत दिएर नक्शापास गराइ उनीहरूलाई पनि करको दायरामा ल्याउनुपर्ने उनको सुझाव थियो।

साना उद्योगी–व्यवसायीहरू करको दायरामा नभएका हुँदा थोरै कर लिएर पनि दर्ता गराइ करको दायरामा ल्याउनुपर्ने उनले बताए।

वीरगंज बसपार्कमा पूर्वाधार नहुँदा पनि ठेकेदारले कर उठाउने गरेकोमा यातायात व्यवसायीले आपत्ति जनाए। यातायात व्यवसायीलाई सेवासुविधा दिई सुरक्षाको प्रत्याभूति दिलाएर मात्रै कर उठाउनुपर्ने यातायात व्यवसायीको माग थियो।

एनप्याब्सन, पर्साका अध्यक्ष रामराज श्रेष्ठले विद्यालय र अस्पतालबाट कर उठाउन नहुने माग गरे। कर लिने नै भएपनि सम्पत्ति र पूँजीलाई छुट्याएर उठाउन आग्रह गर्दै सबै विद्यालयसँग करको एउटै दरमा नभएर विद्यार्थी सङ्ख्याको आधारमा कर निर्धारण गर्नुपर्ने अध्यक्ष श्रेष्ठको सुझाव थियो। प्याब्सन, वीरगंज महानगरका अध्यक्ष आलोक चौरसियाले पनि अधिकांश विद्यालयमा अनुमतिभन्दा बढी कक्षा सञ्चालन भइरहेका हुँदा अनुगमन गर्नुपर्ने बताए।

**घरबहाल कर उठे सबै कर खारेज गर्छु –नगरप्रमुख सिंह**

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले इमानदारीका साथ घरबहाल कर मात्रै उठेमा अरू सबै कर खारेज गर्ने बताएका छन्। करसम्बन्धी छलफलमा उठेका जिज्ञासा र सुझावलाई ग्रहण गर्दै नगरप्रमुख सिंहले अरू सबै करबाट मुक्त हुनका लागि इमानदारीका साथ घरबहाल कर तिर्न आग्रह गरेका छन्। वीरगंज महानगरपालिकाको अहिलेको वार्षिक प्रशासनिक खर्च झन्डै रु ७० करोड भएको जानकारी दिंदै यो आर्थिक वर्षदेखि झन्डै एक अर्ब पुग्ने उनले बताए। महानगरको आम्दानीको स्रोत कर मात्रै भएको हुँदा अब करलाई व्यवस्थित बनाइने नगरप्रमुख सिंहको भनाइ थियो। “कर उठाउनुपर्ने ठाउँ टन्नै छन्, महानगरपालिका लथालिङ्ग छ, धेरै ठाउँमा कर चोरी पनि हुन्छ, घरबहाल कर ५० हजार देखाएर पाँच हजार दिनेहरू पनि यहीं छन्,” उनले भने, “त्यसैले इमानदारीका साथ घरबहाल कर दिनुहोस्, अरू सबै कर खारेज गर्छौं।”







**अन्डर-२० फूटबल छनोट** : नारायणी रङ्शालामा एन्फा पर्साको आयोजनामा अन्डर-२० फूटबल खेलाडीहरुको छनोट कार्य भइरहेको छ । आठ उत्कृष्ट खेलाडी छनोट गरी काठमाडौंस्थित अखिल नेपाल फूटबल सङ्घ (एन्फा)मा पठाइनेछ । पर्सा जिल्लाका डिफेन्डर याकुब हक बन्द शिविरमा परेका छन् । उनले यसै वर्ष सन् २०२२ मा भारतमा हुने साग फूटबल र उज्बेकिस्तानमा हुने युथ-२० एएफसी फूटबल प्रतियोगितामा भाग लिनेछन् । तस्वीर : पङ्कज श्रेष्ठ

# खेलकूदको संसार

## एशियन कप छनोट : नेपाल कुवेतसँग पराजित

काठमाडौं, २९ जेठ/रासस

'एएफसी एशियन कप २०२३' छनोट अन्तर्गत तेस्रो चरणको खेलमा नेपाल कुवेतसँग पराजित भएको छ । कुवेतको जाबिर अल अहमद स्टेडियममा गए राति भएको तेस्रो चरण समूह 'ए'को खेलमा नेपाल आयोजक कुवेतसँग ४-१ गोल



अन्तरले पराजित भएको हो । कुवेतको जीतमा युसेफ अलसुलेमानले दुई गोल गरे भने फाहद अल्रेसिदी र मोबारक अल्फानिनीले एक-एक गोल गरे ।

खेलमा नेपालका दर्शन गुरुङले एक गोल फर्काए । खेलको २८औं मिनेटमा फाहदले हेडमार्फत गोल गर्दै कुवेतलाई शुरूआती अग्रता दिलाएका थिए । त्यस्तै खेलको ४८औं मिनेटमा युसेफ अलसुलिमानले गोल गर्दै कुवेतलाई २-० को अग्रता दिलाए । खेलको ७०औं मिनेटमा युसेफले व्यक्तिगत दोस्रो गोल गर्दै कुवेतलाई ३-० को अग्रता दिलाए ।

यसैगरी खेलको ७३औं मिनेटमा अल्फानिनीले गोल गर्दा घरेलु टोली ४-० ले अघि रह्यो । त्यसपछि खेलको इन्जुरी समयमा दर्शनले एक गोल गरे पनि नेपाल ४-१ ले पराजित हुन पुग्यो । यस हारसँगै नेपालको यो दोस्रो हार हो । नेपाल पहिलो खेलमा जोर्डनसँग २-० ले पराजित भएको थियो ।

यता कुवेतको भने यो पहिलो जित हो । पहिलो खेलमा कुवेतलाई इन्डोनेशियाले हराएको थियो । उक्त प्रतियोगिता अन्तर्गत नेपालले अब आफ्नो अन्तिम खेल इन्डोनेशियासँग यही जेठ ३१ गते खेल्नेछ ।

## नागरिकतासम्बन्धी समस्या यसै साता समाधान हुन्छ -प्रम देउवा

प्रस, वीरगंज, २९ जेठ/

प्रधानमन्त्री शेरबहादुर देउवाले यसै साताभित्रै नागरिकतासम्बन्धी समस्या समाधान हुने बताएका छन् ।

जसपाका सांसद प्रदीप यादव, नरमाया ढकाल र रानी मण्डलको टोलीसँग आइतवार भएको भेटवार्तामा प्रधानमन्त्री देउवाले यस्तो आश्वासन दिएका हुन् ।

सांसदत्रयले आइतवार प्रधानमन्त्री देउवालाई भेटेर नागरिकताको समस्या सम्बन्धमा ध्यानाकर्षण गराएका थिए ।

भेटमा प्रम देउवाले नागरिकतासम्बन्धी उठेका समस्यालाई समाधान गरिने आश्वासन दिएको सांसद यादवले बताए ।

प्रम देउवालाई सांसदत्रयको टोलीले जन्मसिद्ध नागरिकका सन्तानले भोगिरहेको समस्याबारे अवगत गराएका थिए ।

बुबा, आमा नागरिक तर छोराछोरी, नातिनातिना भने गैरनागरिक भएको पीडाका साथै उनीहरूको अध्ययनमा प्रभाव परेको र आफ्नो नैसर्गिक अधिकारबाट वञ्चित भएर बस्नुपरेको पीडा सुनाएका थिए ।

कतिपय जन्मसिद्ध नागरिकका छोराछोरी, नातिनातिनाहरूले अदालतको ढोका ढकढक्याएको र अदालतबाट नागरिकता दिन आदेश हुँदा पनि गृह प्रशासनको हवाला दिएर स्थानीय प्रशासनले नागरिकता दिनबाट वञ्चित पारेको गुनासो पनि पोखेका थिए ।

सांसदहरूको गुनासो सुनेर प्रम देउवाले यसै साता जन्मसिद्ध नागरिकता समस्याको समाधान गर्ने प्रतिबद्धता जाहेर



गरेको सांसद यादवले प्रतीकलाई बताए ।

यसअघिको एमाले सरकारले अध्यादेशबाट नागरिकता विधेयक ल्याएको थियो ।

एमालेले लोसपालाई रिझाउन नागरिकता विधेयक संसद्मा पेश गरेको थियो तर सो सम्बन्धमा सर्वोच्चमा रिट परेर अहिलेसम्म विचाराधीन अवस्थामा छ । प्रम देउवाले चालू बजेट अधिवेशनबाटै नागरिकता विधेयक पारित गराउने आश्वासन दिएको सांसद यादवले बताए ।

## स्मार्टसिटी निर्माणको नाममा व्यापक अनियमितताको आरोप

प्रस, रौतहट, २९ जेठ/

विश्व बैंकको अनुदानमा रौतहटमा भइरहेका निर्माण कार्यमा अनियमितता हुँदै आएको छ ।

शहरी विकास मन्त्रालयद्वारा गरिएको टेन्डरमा भएको लगत इस्टिमेट बमोजिम कार्य नभएकाले अनियमितता देखिएको हो ।

सो योजना अन्तर्गत अहिले भइरहेका निर्माण कार्य गुणस्तरहीन रहेको र सम्बन्धित निकायले चासो नलिएको स्थानीय रघु गुप्ताले आरोप लगाएका छन् ।

गौर नगरपालिकालाई स्मार्टसिटी बनाउन रु ९६ करोडको टेन्डर शहरी विकास मन्त्रालयबाट आश्रय निर्माण सेवाले लिएर कार्य गर्दै आएको छ । तर स्वीकृत टेन्डरको शर्तअनुरूप कार्य नभएको आरोपसहित सिसवाका गुप्ताले एक सातादेखि गौरको बिपी चोकमा सोविरुद्ध प्रचारप्रसार गरेर जनतालाई सचेत पार्दैछन् ।

सोही कम्पनीले राजदेवी, मौलापुर, कटहरिया नगरपालिका र यमुनामाई गाउँपालिकालाई स्मार्टसिटी बनाउन शहरी विकास मन्त्रालयबाट ठेक्का सकार गरेको छ ।

आश्रय निर्माण सेवाले रौतहटका चारवटा नगरपालिका र एउटा गापालाई स्मार्टसिटी बनाउने निर्माणको ठेक्का लिएर कार्य गर्दै आएको तर ठेकेदार कम्पनीले भने स्वीकृत टेन्डर अनुरूपको कार्य नगरेको गुप्ताको आरोप छ ।



सडकमा ब्यानरसहित अनियमितताविरुद्ध प्रदर्शन गर्दै रघु गुप्ता । तस्वीरः प्रतीक

गुप्ताले आफ्नो भनाइमा नगएर स्वीकृत टेन्डर अनुसार कार्य भए नभएको अनुगमन गरी ठेकेदार कम्पनी दोषी ठहर भएको खण्डमा कारबाहीको माग गर्दै आए पनि उनको कुरालाई अहिलेसम्म सम्बन्धित निकायले गम्भीरतापूर्वक लिएको छैन । उनले सहयोगी संस्था विश्व बैंक, शहरी विकास मन्त्रालय र सम्बन्धित नगरपालिका तथा गापालाई ठेकेदारको अनियमित कार्यको निगरानी गर्न आग्रह गरेका छन् ।

गुप्ताले आफ्नो कुराको सुनवाइ नहुन्जेलसम्म जनतालाई जागृत पार्ने अभियान जारी राख्ने बताए ।

### कुष्ठरोगका शङ्कास्पद....

चौकीका इन्चार्ज सन्तोष चौधरीले बताए ।

उनले अहिले पनि समाजमा कुष्ठरोगीहरूप्रतिको धारणा नकारात्मक रहेको र उनीहरूमाथि अवहेलना गरिने भएकाले नाम र ठेगाना खुलाएनन् । उनले वडाहरूमा टोली परिचालन गरिएको र शङ्कास्पद रोगीहरूको बारेमा विज्ञ बोलाएर चेकजाँच गरिने जानकारी गराए ।

स्वास्थ्य शाखाका सिनियर अहेब जगन्नाथ साहले चालू आवमा पटेर्वासुगौली गापामा छजना कुष्ठरोगी भएको जानकारी गराए ।

### विमानस्थल बनाउनुपर्ने....

आफूहरूले माग राखेको जानकारी गराए । "हामीले निरन्तर खबरदारी तथा दबाबमूलक कार्यक्रम जारी राखेका छौं, काठमाडौं गएको डेलिगेशनसँग प्रारम्भिक छलफल पनि भएको छ," उनले भने, "सकारात्मक प्रतिक्रिया पाएका छौं, सकभर केही पूर्व सारेर निजगढमा विमानस्थल बनाउनुपर्ने माथिल्लो तहमा सहमति बनिरहेको छ ।" दैनिक हुने चक्काजाम कार्यक्रममा निजगढ आसपासका करीब चार सय स्थानीय सहभागी भइरहेको निजगढवासीले बताएका छन् ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



असन्तुलित खानपान तथा जीवनशैलीका कारण

- मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघात, विभिन्न प्रकारका क्यान्सर, ढाड दुख्ने, अल्जाइमर्स, श्वासप्रश्वास, मानसिक/उदासीनता जस्ता रोग हुन सक्दछन् ।

यस्ता रोगबाट बच्न;

- सन्तुलित र स्वस्थ खाना खाने,
- शारीरिक क्रियाकलापमा सक्रिय रहने,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य वस्तुको उपभोग नगर्ने,
- काम गर्दा सही तरीका र आसनको प्रयोग गर्ने,
- प्रशस्त मात्रामा पानी पिउने,
- तनावको उचित व्यवस्थापन गर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |